# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, भदौ १८ गते, २०८३ साल (सङ्ख्या ०८

## भाग २

### गण्डकी प्रदेश सरकार

### उद्योग तथा पर्यटन मन्त्रालयको सूचना

**गण्डकी प्रदेश औद्योगिक व्यवसाय (पहिलो संशोधन) नियमावली, २०८३**

गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "गण्डकी प्रदेश औद्योगिक व्यवसाय (पहिलो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम ४ मा संशोधनः</u>** गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० (यस पछि मूल नियमावली भनिएको) को नियम ४ को उपनियम (३) पछि देहायका उपनियमहरु (४), (५) (६) र (७) थपिएका छन्:-

"(४) ऐनको दफा ३ को उपदफा (९) बमोजिम कम्पनीलाई उद्योगको रुपमा दर्ता गर्दा प्राइभेट फर्म सरहको मान्यता दिई सोही अनुसारको दर्ता दस्तुर लिई अनुसूची -३क बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(५) यस नियमावली जारी हुनु पूर्व उद्योगको रुपमा दर्ता भएका कम्पनीले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम अभिलेख अद्यावधिक गर्दा कुनै शुल्क दस्तुर लाग्ने छैन।

(७) उपनियम (४) बमोजिम दर्ता भएका र उपनियम (५) बमोजिम अद्यावधिक भएका कम्पनीहरुले प्राइभेट फर्म सरह नवीकरण गर्नु पर्नेछ।"

३. **<u>मूल नियमावलीको नियम १० मा संशोधनः</u>** मूल नियमावलीको नियम १० को,-

(१) नियम शीर्षकको सट्टा देहायको नियम शीर्षक राखिएको छः-

"१०. **<u>पुँजी बृद्धि, पुँजी घटाउन, क्षमता बृद्धि, क्षमता घटाउन र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनुपर्ने</u>**"

(२) उपनियम (६) पछि देहायको उपनियम (७) थपिएको छः-

"(७) कुनै उद्योगले पुँजी घटाउन वा क्षमता घटाउन निवेदन दिएमा उद्योग दर्ता गर्ने निकायले उद्योगको लेखा परिक्षण प्रतिवेदन र कुल कारोबार विवरणका आधारमा पुँजी तथा क्षमता घटाउने स्वीकृति दिन सक्नेछ। यसरी पुँजी घटाउँदा पहिले दर्ता गर्दा तिरेको शुल्क दस्तुर फिर्ता दिइने छैन।"

४. **<u>मूल नियमावलीमा नियम थप:</u>** मूल नियमावलीको नियम २९ पछि देहायको नियमहरु २९क २९ख, २९ग, २९घ, २९ङ र २९च थपिएका छन्:-

"२९क. **<u>एकल बिन्दु सेवा केन्द्र सञ्चालन:</u>** (१) ऐनको दफा २७ को उपदफा (२) मा उल्लिखित कार्यहरु समयमै सम्पन्न गर्न तथा प्रभावकारी सेवा प्रवाह गर्न प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा ल्याउन सक्नेछ।

(२) प्रदेश सरकारले प्रदेश निजामती सेवाको कुनै अधिकृतलाई एकल विन्दु सेवा केन्द्रको प्रमुखको रुपमा कार्य गर्ने गरी तोक्न सक्नेछ।

(३) एकल बिन्दु सेवा केन्द्रमा देहायका निकायको आवश्यकता अनुसार प्रतिनिधित्व रहनेछ:-

(क) अर्थ सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय,

(ख) उद्योग, वाणिज्य तथा आपूर्ति सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय,

(ग) उर्जा, जलस्रोत तथा सिँचाई सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय,

(घ) आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय,

(ङ) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय,

(च) भौतिक पूर्वाधार तथा यातायात सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय,

(छ) वन तथा वातावरण सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय,

(ज) नेपाल राष्ट्र बैंक,

(झ) नेपाल विद्युत प्राधिकरण,

(ञ) आन्तरिक राजस्व कार्यालय,

(ट) प्रदेश सरकारले आवश्यक ठानेका अन्य निकाय।

(४) उपनियम (३) को खण्ड (ज), (झ) र (ञ) मा उल्लिखित निकायहरूको प्रतिनिधित्वका लागि मन्त्रालयले आवश्यक समन्वय गर्नेछ।

(५) एकल विन्दु सेवा केन्द्रको सञ्चालन र व्यवस्थापन गर्न सो केन्द्रमा आवश्यकता अनुसार देहायका एकाइहरु रहनेछन्:-

(क) उद्योग दर्ता तथा अनुमति एकाइ,

(ख) वातावरण तथा प्रविधि एकाइ,

(ग) प्रशासन तथा सुविधा एकाइ,

(घ) कानून एकाइ,

(ङ) कर तथा भन्सार सहजीकरण र ड्युटी ड्र-ब्याक एकाइ,

(च) जग्गा सहजीकरण एकाइ,

(छ) पूर्वाधार एकाइ,

(ज) श्रम तथा व्यवसायजन्य सुरक्षा एकाइ।

(६) प्रचलित कानूनमा उल्लेख भएकोमा बाहेक एकल विन्दु सेवा केन्द्रमा खटिने कर्मचारीले जुन निकायको प्रतिनिधित्व गर्ने हो सो निकायबाट हुनुपर्ने निर्णय त्यसरी खटिने कर्मचारीबाटै हुन सक्ने गरी अख्तियारी प्रदान गर्नु पर्नेछ।

(७) कुनै निर्णय एकल विन्दु सेवा केन्द्रमा खटिने कर्मचारीबाट नभई प्रचलित कानून बमोजिम अन्य निकायबाट हुनुपर्ने देखिएमा एकल विन्दु सेवा केन्द्रले सो निर्णयको लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम एकल विन्दु सेवा केन्द्रबाट निर्णयको लागि अनुरोध भएमा सम्बन्धित निकायले उच्च प्राथमिकता दिई छिटो निर्णय गर्नु पर्नेछ।"

"**२९ख.** **<u>एकल विन्दु सेवा केन्द्रमा रहने जनशक्तिः</u>** (१) एकल विन्दु सेवा केन्द्रको सङ्गठन संरचना र दरबन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम स्वीकृत सङ्गठन संरचना बमोजिमको दरबन्दीमा कामकाज गर्न सम्बन्धित निकायले आवश्यक सङ्ख्यामा प्रदेश निजामती सेवाका कर्मचारी खटाउनु पर्नेछ र त्यसरी खटिएका कर्मचारीले एकल विन्दु सेवा केन्द्रको कर्मचारीको रुपमा कामकाज गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम खटिएका कर्मचारीको अतिरिक्त एकल विन्दु सेवा केन्द्रबाट प्रवाह हुने सेवालाई सहज बनाउन मन्त्रालयले आवश्यकता परेमा थप जनशक्ति खटाउन सक्नेछ।

(४) उपनियम (२) र (३) बमोजिम खटिएका कर्मचारीले एकल विन्दु सेवा केन्द्र प्रमुखको मातहतमा रही कामकाज गर्नु पर्नेछ।

(५) एकल विन्दु सेवा केन्द्रको प्रशासनिक, आर्थिक तथा जिन्सी व्यवस्थापन लगायतका नियमित प्रशासनिक कार्य मन्त्रालयले गर्नेछ।"

"२९ग. **निर्णय उपर चित्त नबुझे निवेदन दिन सकिने:** (१) एकल विन्दु सेवा केन्द्रमा खटिएका कर्मचारीबाट भएको कामकारबाहीको सम्बन्धमा चित्त नबुझेमा सम्बन्धित व्यक्तिले केन्द्रको प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा एकल विन्दु सेवा केन्द्रको प्रमुखले आवश्यक जाँचबुझ गरी कानून बमोजिम कारबाही गर्न सक्नेछ।

(३) एकल विन्दु सेवा केन्द्रको प्रमुखबाट भएको कामकारबाही वा निर्णयको सम्बन्धमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो कामकारबाही वा निर्णयको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयमा निवेदन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम कुनै निवेदन प्राप्त हुन आएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी सो सम्बन्धमा आवश्यक निर्देशन सहित निर्णय पुनरावलोकनका लागि पठाउन सक्नेछ।"

"२९घ. **निर्देशन पालना गर्नुपर्ने:** (१) मन्त्रालयले ऐन तथा यस नियमावली बमोजिम एकल बिन्दु सेवा सञ्चालनका सम्बन्धमा सो केन्द्रका प्रमुखलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु एकल बिन्दु सेवा केन्द्रको प्रमुखको कर्तव्य हुनेछ।

(३) एकल विन्दु सेवा केन्द्रले वर्ष भरी गरेका काम कारबाहीको सम्बन्धमा प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।"

"२९ङ. **प्रदेश व्यवसाय मञ्चको गठन:** (१) ऐनको दफा ३४क बमोजिम प्रदेश व्यवसाय मञ्चको गठन देहाय बमोजिम हुनेछ ।

(क) मन्त्री, उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय, गण्डकी प्रदेश - अध्यक्ष

(ख) सदस्य (उद्योग सम्बन्धी विषय हेर्ने), प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश - सदस्य

(घ) सचिव, उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय, गण्डकी प्रदेश -सदस्य

(ङ) सचिव, (आर्थिक मामिला, कृषि, भूमि व्यवस्था तथा सहकारी, वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय) गण्डकी प्रदेश - सदस्य

(च) सचिव, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश - सदस्य

(छ) प्रमुख, नेपाल राष्ट्र बैंक, प्रदेशस्तरीय कार्यालय, गण्डकी प्रदेश - सदस्य

(ज) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ, गण्डकी प्रदेश - सदस्य

(झ) अध्यक्ष, नेपाल उद्योग परिसङ्घ, गण्डकी प्रदेश - सदस्य

(ञ) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स, गण्डकी प्रदेश - सदस्य

(ट) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ, गण्डकी प्रदेश -सदस्य

(ठ) अध्यक्ष, नेपाल महिला उद्यमी महासङ्घ, गण्डकी प्रदेश -सदस्य

(ड) महाशाखा प्रमुख, उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य सचिव

(२) प्रदेश व्यवसाय मञ्चको बैठक कम्तीमा वर्षको एक पटक बस्नेछ।

(३) मञ्चको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) मञ्चको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(४) मञ्चको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

(५) निजी क्षेत्रका प्रतिनिधि, सम्बन्धित मन्त्रालय तथा निकाय, विकास साझेदार, अनुसन्धान संस्थाका प्रतिनिधिका साथै विशेषज्ञ र पेशाविद्‌लाई मञ्चको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(६) मञ्चमा तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(७) उपस्थित सदस्यको बहुमतको निर्णय मञ्चको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(८) मञ्चको बैठक सम्बन्धी अन्य कार्यविधि मञ्च आफैंले निर्धारण गरे बमोजिम हुनेछ।"

"२९च. **<u>प्रदेश व्यवसाय मञ्चको काम, कर्तव्य र अधिकार:</u>** (१) प्रदेश व्यवसाय मञ्चको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रभावकारी सार्वजनिक- निजी संवाद र सहकार्यका लागि संस्थागत तथा व्यवस्थापकीय विषयमा सुधारका लागि प्रदेश सरकारसमक्ष सिफारिस गर्ने,

(ख) प्रदेशको औद्योगिक, आर्थिक, वाणिज्य र सङ्गठित सुशासनका क्षेत्रमा नीतिगत सुधारका विषयमा सिफारिस गर्ने,

(ग) प्रदेशमा औद्योगिक तथा व्यवसायिक लगानीका लागि सबल र सहयोगी वातावरण निर्माणका लागि समन्वय र सामञ्जस्यता कायम गर्ने,

(घ) औद्योगिक तथा श्रम सम्बन्धका विषयमा नीतिगत सुधार गर्न सिफारिस गर्ने,

(ङ) प्रदेश सरकारले तोके बमोजिमका अन्य काम गर्ने।"

**५. <u>मूल नियमावलीमा अनुसूची -३क थप</u>**: मूल नियमावलीको अनुसूची-३ पछि देहायको अनुसूची-३क थपिएको छः-

**"अनुसूची- ३क**

(नियम ४ को उपनियम (४) सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

.....................................मन्त्रालय

.............................................कार्यालय

.............................. ।

**उद्योग दर्ता प्रमाणपत्र**

उद्योग दर्ता नं.: मितिः

मिति ............................. मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको ..........................................(लि./प्रा. लि.) कम्पनीलाई गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ तथा गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० बमोजिम निम्न अनुसारको विवरण कायम गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

सञ्चालकको नामः ना.प्र.नं.:

उद्योगको नामः

उद्योगको ठेगानाः कित्ता नं.:

उद्योगको उद्देश्यः

कुल पुँजी रू. :

स्थिर पुँजी रू. : चालु पुँजी रु. :

उद्योगको वर्गः उद्योग सञ्चालन हुने सिफ्ट सङ्ख्याः

वार्षिक उत्पादन क्षमता रु. : आवश्यक विद्युत शक्तिः

उद्योग सञ्चालन दिन (प्रतिवर्ष): आवश्यक पर्ने जनशक्तिः

उद्योग सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार सुरु गर्नुपर्ने अवधिः

उद्योग उत्पादन गर्ने वस्तु वा सेवाको प्रकारः

अधिकृत पुँजीः प्रमाणित गर्ने अधिकृतको

जारी पुँजीः नामः

पदः

हस्ताक्षरः"

(अगाडि)

**नवीकरण**

प्राइभेट लिमिटेडको नामः

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहने मिति | बुझाएको दस्तुर | रसिद नं./ भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(पछाडि)

आज्ञाले,
रोशन ज्ञवाली
प्रदेश सरकारको सचिव